## कार्यपालिका बैठक नं.१४ आ.व.२०८१- ०८२ (२०८२/०२/१९)

आज मिति २०८२/०२/१९ गतेका दिन बिहान ८: ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा [illegible] कुमाल | |
| १७ | का. सहयोगी | प्रमिला ढकाल | |
| १८ | | | |

Scanned with CamScanner

## कार्यपालिका बैठक नं.१४ आ.व.२०८१- ०८२ (२०८२/०२/१९) का प्रस्तावहरु

१. समिक्षा सम्वन्धमा ।

२. अनुगमन प्रतिवेदन सम्वन्धमा ।

३. १७ औं गाउँसभा सम्वन्धमा ।

४. विपन्न दलित लक्षित उद्यम कार्यक्रम सम्वन्धमा ।

५. भवन निर्माण सम्पन्नता प्रमाणपत्र जारी गर्ने सम्वन्धमा ।

६. भुक्तानी सम्वन्धमा ।

७. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

८. विविध सम्वन्धमा ।

## कार्यपालिका बैठक नं.१४ आ.व.२०८१- ०८२ (२०८२/०२/१९) का निर्णयहरु

**१. समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुवाट पेश हुन आएको बैसाख महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको बैसाख महिनाको आम्दानी खर्च प्रतिवेदन ( सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो

**निर्णय नं. २ : अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको पालिकास्तरीय योजना अनुगमन समितिबाट पालिकाको स्वीकृत योजना कार्यक्रमहरुको अवस्थाहरुको बारेमा अध्ययन/अनुगमन गरि पेश भएका तपशिल बमोजिमका योजनाहरुको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

- बरालुङ वेशी सिंचाई योजना, आँबुखैरेनी ५-तनहुँ ।
- आँबुखैरेनी उद्योग वाणिज्य भवन पूर्वाधार निर्माण तथा मर्मत योजना, आँबुखैरेनी ३-तनहुँ ।
- आँधिमुल पर्यटन पूर्वाधार निर्माण योजना, आँबुखैरेनी १-तनहुँ ।

Scanned with CamScanner

**निर्णय नं. ३ : १७ औं गाउँसभा सम्बन्धमा ।**

क) आर्थिक वर्ष ०८२/८३ को लागि यहि २०८२ साल असारको १० गते १७ औं गाउँसभा सञ्चालन गर्ने निर्णय गरियो ।

ख) सम्पुर्ण वडाहरुबाट आ-आफ्नो वडाहरुमा आवश्यक रहेको योजना कार्यक्रमहरु प्राथमिकताको आधारमा छनौट गरी जेठ २० गते सम्ममा विषयगत समितिहरुमा पेश गरिसक्ने निर्णय गरीयो ।

ग) आर्थिक वर्ष ०८२/८३ को बजेट तथा योजना निर्माणको लागि यहि जेठ २५ गते सम्ममा सम्पुर्ण विषयगत समितिहरुको बैठक सम्पन्न गरी प्राथमिकताको आधारमा योजना कार्यक्रम पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४. विपन्न दलित लक्षित उद्यम कार्यक्रम सम्बन्धमा ।**

यहि मिति २०८२ जेठ २१ गतेका दिन १९ औं जातीय भेदभाव तथा छुवाछुत उन्मुलन दिवशको अवसर पारी उक्त दिन गाउँकार्यपालिकाको स्वीकृत विपन्न दलित लक्षित उद्यम कार्यक्रमबाट खर्च हुनेगरी १९ औं जातीय भेदभाव तथा छुवाछुत उन्मुलन दिवश एवं दलित ज्येष्ठ नागरीक सम्मान कार्यक्रम गाउँकार्यपालिका सदस्य गंगा वि.क.को संयोजकत्वमा सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५ : भवन निर्माण सम्पन्नता प्रमाणपत्र जारी गर्ने सम्बन्धमा ।**

पूर्व स्वीकृत नक्शाको कुल क्षेत्रफलको ५० प्रतिशत क्षेत्रलफल सम्म मापदण्ड अनुकुल हुनेगरी थप निर्माण भएको भवनको हकमा थप क्षेत्रफल खुलेको फ्लोर प्लान मात्र पेश गरेमा थप क्षेत्रफल को राजश्व लिई भवन निर्माण सम्पन्नताको प्रमाणपत्र जारी गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६ : भुक्तानी सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिकाको कार्यालय प्रयोजनका लागि विभिन्न मितिमा कार्यालयबाट जानुभएका कर्मचारीहरुको खाना/खाजा खर्च वापतको जम्मा रकम रु.६०,०००/-(अक्षररुपी साठी हजार रुपैंया मात्र ।) भुक्तानीको लागि वडा नं. ६ को कार्यालयको सिफारिस सहित पेश हुन आएको निवेदन उपर छलफल गरी गाउँकार्यपालिकाको स्वीकृत विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. ७ : कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा सेवाग्राहीहरुको चाप तथा माग बमोजिम हाडजोर्नी तथा नशारोग सम्वन्धी सेवा सुचारु गर्नुपर्ने भएको हुँदा सो को लागि १ जना अर्थोपेडिक सर्जन पदपुर्तिका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

साथै उक्त व्यवस्था नभईन्जेल सम्मको लागि एकजना हाडजोर्नि विशेषज्ञ (नवौं तह) लाई दैनिक ज्यालादारीमा कामकाज गराई सेवाप्रवाह सहजीकरण गर्न गाउँपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

ख) यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा सेवाग्राहीहरुको चाप बढेसँगै डायलासिस सेवामा कार्यरत मौजुदा जनशक्तिबाट मात्र सेवा प्रवाह गर्न समस्या भएको कारण सेवाप्रवाह सहजीकरणको लागि १ जना स्टाफ नर्स आवश्यक भएकोले व्यवस्थापन गरिदिन भनि अस्पताल व्यवस्थापन समितीबाट सिफारिस पेश भएको हुँदा अर्को व्यवस्था नभईन्जेल सम्म अस्पतालमा २ वर्षदेखि स्वयंसेवकको रुपमा कार्यरत स्टाफ नर्स सपना गुरुङलाई दैनिक ज्यालादारीमा सोहि पदमा करार सेवामा नियुक्ती गरी कामकाज गर्ने गराउने निर्णय गरीयो । साथै उक्त कार्यबापत निजलाई मासिक रु.२२,०००/-(अक्षररुपी बाईस हजार रुपैंया मात्र ।) पारिश्रमिक उपलब्ध गराउने निर्णय गरीयो ।

Scanned with CamScanner